# पाँचखाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### पाँचखाल, काभ्रेपलाञ्चोक

## सौर्य सडक बत्ती जडानसम्बन्धी बोलपत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७५/०९/२५

सौर्य सडक बत्ती जडान गर्न यस नगरपालिकाद्वारा तोकिदिएको प्राबिधिक स्पेसिफिकेशन पुरा गर्न सक्ने बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, खुमलटार, ललितपुरमा सुचिकृत कम्पनीहरूबाट सौर्य सडक बत्ति जडान गर्न निम्न शर्तहरूको अधीनमा रही रितपुर्बकको सीलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

**शर्तहरू:-**

१) यस नगरपालिकाको नेपाल बैंक लिमिटेड, पाँचखाल शाखामा रहेको संचित कोष खाता नं. १२४०३००००००००४००१००१ मा रु.३,०००/- जम्मा गरेको सक्कल भौचर वा यस नगरपालिकाको राजश्व शाखामा रु ३०००/- (फिर्ता नहुने गरि) तिरेको सक्कल रसिद संलग्न राखी मिति २०७५/१०/२४ को कार्यालय समयभित्र प्राबिधिक शाखाबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ।

२) खरिद भएको वोलपत्र फारम फर्मले सिलवन्दी गरी खाम वाहिर आफ्नो फर्मको नाम थर, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा मिति २०७५/१०/२५ गते दिनको १२:०० बजे भित्र दर्ता गरी सक्नु पर्नेछ। फर्मले प्राबिधिक एवम् आर्थिक प्रस्ताब छुट्टाछुट्टै सिलबन्दी गरि पेश गर्नुपर्नेछ। दर्ता भएका बोलपत्रहरू सोही दिनको १:०० बजे यस कार्यालयमा सरकारी प्रतिनिधी, फर्मको प्रतिनिधीहरूको रोहवरमा खोलिने छ। फर्मको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी बोलपत्र खोल्न बाधा पुग्नेछैन। कारणवश सिलवन्दी बोलपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा विदा समाप्त भए पश्चात कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्य गरिनेछ।

३) बोलपत्र शर्त रहित केरमेट नभएको हुनुपर्नेछ यदि केरमेट भएमा केरमेट भएको ठाउँमा बोलपत्रदाताको दस्तखत र छाप भएको हुनुपर्नेछ।

४) तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड, पाँचखाल शाखा को धरौटी खाता नं. १२४०३००००००००३०००००१ खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा ९० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (विड वण्ड) संलग्न हुनुपर्ने छ।

५) दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्नेछ। दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। वोलपत्र फारमको प्रत्येक पानामा सम्वन्धित बोलपत्र दाताकोदस्तखत र फर्मको छाप अनिवार्य हुनु पर्नेछ।

६) यो सूचनामा उल्लेख नभएका कुराहरू प्रचलित कानुन अनुसार हुनेछ।

७) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई निहित रहने छ।

८) बोलपत्र दाताले प्राविधिक तथा आर्थिक प्रस्तावना छुट्टाछुट्टै सिलवन्दी गरी एकै खाममा दबै प्रस्ताब राखी सिलवन्दी गरी पेश गर्नु पर्ने छ।

९) प्राविधिक प्रस्तावना स्वीकृत हुने बोलपत्रदाताको मात्र आर्थिक प्रस्तावना खोलिने छ।

१०) थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ।

**सिलवन्दी बोलपत्र सम्बन्धी कार्यको विवरण निम्नानुसार छ :**

| सि. नं. | वोलपत्र नं. | आयोजनाको नाम | जडान गर्नुपर्ने सौर्य सडक बत्ती संख्या | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| 1. | ०२/२०७५/०७६ | Supply, Delivery, Installation, Testing, Commissioning and after sales servicesof Solar Street Light System at variouslocation of Panchkhal Municipality as per Specification. | २७ | ७८,०००\|- | ३,०००\|- |

# सुनिलस्मृति गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### सुलिचौर, रोल्पा
### ५ नं. प्रदेश, नेपाल

## नदिजन्य पदार्थ स्लेट ढुंगा, ढुंगा, गिट्टी, बालुवा, रोडा आदि उत्खनन्/संकलन गर्ने ठेक्का बन्दोबस्ती सम्बन्धी १५ दिने सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५/०९/२५